रुरु गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः २ संख्याः ३ मितिः २०७५/०६/२५(अतिरिक्तांक)

भाग-१

रुरु गाउँपालिका

गुल्मी,५ नं.प्रदेश

## कृषि तथा पशुपंक्षी बिकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७५

सम्बत २०७५ को कार्यविधि नं. ५ *गाउँपालिकाबाट* पारित मिति :२०७५।०६।२५

# रुरु गाउँपालिकाको कृषि तथा पशुपंक्षी बिकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७५

**प्रस्तावनाः**

रुरु गाउँपालिका मध्य पहाडी क्षेत्रको समुद्री सतहबाट ५५० मी. देखि १८०० मी. सम्मको उचाईमा अवस्थित छ । कृषिको समग्र ब्यबसायिकरणका लागि उपयुक्त हावापानी र वातावरण रहेको यो ठाउँ सिंचाईको लागि भने समस्यारहित छैन; तथापि बर्षा र हिउंदमा स-साना मुहान संरक्षण गर्दै सिंचाई कुलो, पानी संकलन पोखरी निर्माण गरी सिंचाई ब्यबस्थापन गर्दै कृषिको ब्यबसायिकरण गर्ने तथा आम्दानी बृद्धि गर्ने, युवालाई कृषि पेशामा आकर्षित गर्ने उद्देश्यका साथ कृषि तथा पशुपंक्षी बिकास कार्यक्रम सञ्चालन कार्यविधि बनाउन बाञ्छनीय भएकोले स्थानीय सरकर संचालन ऐन २०७४ को दफा १०२ बमोजिम रुरु गाउँपालिकाको मिति २०७५।६।२५ मा बसेको बैठकले यो कार्यविधि स्विकृत गरी लागु गरिएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यबिधिको नाम रुरु गाउँपालिकाको कृषि तथा पशुपंक्षी बिकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ रहेको छ ।

(२) यो कार्यबिधि तुरुन्त लागु हुनेछ ।

२. परिभाषाः बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यबिधिमाः-

(क) “अध्यक्ष” भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

(ख) “उत्पादक” भन्नाले कृषि तथा पशुजन्य बस्तुको उत्पादन गर्ने कृषक, समुह वा कृषि सहकारी संस्था ,उत्पादक⁄ सहकारी सम्झनु पर्दछ ।

(ग) “कार्यपालिका” भन्नाले रुरु गाउँ कार्यपालिका सम्झनु पर्दछ ।

(घ) “कृषक” भन्नाले यस कार्यबिधिको प्रयोजनका लागि कसैको जग्गा करार⁄लिजमा लिई वा आफ्नै जग्गामा ब्यबसायिक कृषि तथा पशुपालन गर्ने कृषक, कृषक समूह, कृषक ब्यबसायी, कृषि फर्म र कृषि सहकारी समेतलाई सम्झनु पर्दछ ।

(ङ) “कृषि बजार” भन्नाले कृषि उपजको ग्रेडिङ्ग, प्याकेजिङ्ग, ढुवानी, भण्डारण, बितरण तथा कृषि उपजको बिक्री बितरण गर्ने कृषि बजार सम्झनु पर्दछ ।

(च) “कृषि बस्तु” भन्नाले कृषकले कुनै बोटबिरुवा तथा जिवजन्तुबाट उत्पादन गरेको उपभोग्य कृषि बस्तु सम्झनु पर्दछ ।

(छ) “कृषि ब्यबसाय” भन्नाले देहायको ब्यबसाय सम्झनु पर्दछ :

(१) ब्यबसायिक उद्धेश्यले गरिने कृषिवाली वा बस्तुको उत्पादन,

(२) कृषिजन्य बस्तुको प्रशोधन,

(३) कृषि उपजको ब्यापार,

(४) कृषि उत्पादनका लागि प्रयोग हुने रासायनिक वा प्राङ्गारिक मलको उत्पादन, भण्डारण तथा बितरण,

(५) कृषि उत्पादनका लागि प्रयोग हुने बिउ, बेर्ना, नश्ल, र भुराको उत्पादन, परामर्श सेवा, भण्डारण तथा बितरण,

(६) कृषिमा प्रयोग हुने औषधी एवं बिषादीको उत्पादन, परामर्श, भण्डारण तथा बिक्री ब्यबसाय ।

(ज) "खुद्रा बजार" भन्नाले कुनै बिक्रेताले उपभोक्तालाई बिक्री गर्ने खुद्रा बजारलाई सम्झनु पर्दछ ।

(झ) "गाउँपालिका" भन्नाले रुरु गाउँपालिका सम्झनु पर्दछ ।

(ञ ) "थोक बजार " भन्नाले कुनै उत्पादक वा बिक्रेताले अर्को बिक्रेतालाई कृषि बस्तु बिक्री बितरण गर्ने थोक बजारलाई सम्झनु पर्दछ ।

(ट) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले रुरु गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(ठ) "बिक्रेता " भन्नाले कृषि बस्तुहरु बिक्री गर्ने ब्यापारी, कृषक, कृषक समूह, कृषि फार्म, सहकारी संस्था, समेतलाई सम्झनु पर्दछ ।

(ड) "वडा " भन्नाले रुरु गाउँपालिकाको वडा सम्झनु पर्दछ ।

(ढ) "समिति " भन्नाले यस कार्यबिधिको परिच्छेद ५ को दफा ९ को (२) बमोजिम गठन भएको कृषि बजार संचालन तथा ब्यबस्थापनको अनुगमनका लागि गठन भएको समितिलाई सम्झनु पर्दछ ।

(ण) "सभा" भन्नाले रुरु गाउँ सभालाई सम्झनु पर्दछ ।

(त) "संजाल" भन्नाले यस कार्यबिधिको परिच्छेद ३ दफा ५ को उपदफा (१) (क) बमोजिम गठित समितिलाई सम्झनु पर्दछ ।

(थ) "हाट बजार" भन्नाले कृषि उपज लगायत अन्य स्थानीय उत्पादन बिक्री गर्ने उद्वेश्यले गाउँपालिकावाट स्वीकृति लिई संचालन भएको हाटबजारलाइ सम्झनु पर्दछ ।

(द) "संकलन केन्द्र" भन्नाले कृषकहरुले बजारमा बिक्री गर्ने उद्वेश्यले कृषि उपज संकलन गरेर बिक्रेतालाई बिक्री गर्ने संकलन केन्द्रलाई सम्झनु पर्दछ ।

(ध) “अनुदान तथा सेवा टेवा” भन्नाले गाउँपालिका वा मातहतका संस्था, समिति वा प्राबिधिकबाट प्रदान गरिने सुबिधालाई समेत सम्झनु पर्दछ ।

(न) “तोकिए बमोजिम” भन्नाले  गाउँकार्यपालिकाको निर्णयलाई बुझ्नु पर्दछ ।

(प) “ब्यबसायिक कृषक तथा पशुपालक” भन्नाले देहाय बमोजिमको जग्गा / जमिन वा संख्यामा कृषि व्यवसाय वा पशुपालन गर्ने ब्यबसायीलाई सम्झनु पर्दछ ।

- खाद्यान्न बाली बीउ उत्पादनमा समुह/सहकारी भए कम्तीमा ४० रोपनी, ब्यक्ति भए ५ रोपनी
- तरकारी उत्पादनमा समुह/सहकारी भए कम्तीमा २० रोपनी, ब्यक्ति भए २ रोपनी वा २ वटा प्लाष्टिक घर वा नर्सरी भए कम्तीमा ५००० बेर्ना
- खाद्यान्न बाली उत्पादनमा समुह/सहकारी भए कम्तिमा ४० रोपनी, ब्यक्ति भए ५ रोपनी
- तरकारी बाली तथा घाँसबाली बीउ उत्पादनमा समुह/सहकारी भए कम्तीमा २० रोपनी, ब्यक्ति भए ५ रोपनी
- उखु उत्पादनमा समुह/सहकारी भए कम्तिमा ३० रोपनी, ब्यक्ति भए कम्तीमा ४ रोपनी त्यस्तै गुंड बार्षिक २० क्विन्टल बिक्रि गर्न सक्ने समूह/सहकारी भए कम्तीमा १०० क्विन्टल बिक्रि गर्न सक्ने
- अदुवा, बेसार उत्पादनमा समुह/सहकारी भए कम्तीमा २० रोपनी, ब्यक्ति भए ३ रोपनी त्यस्तै अदुवा,बेसार बार्षिक ५ क्विन्टल बिक्रि गर्न सक्ने
- कफी उत्पादनमा समुह/सहकारी भए कम्तीमा २० रोपनी, ब्यक्ति भए १ रोपनी वा प्रति कृषक १०० बोट
- कागती, मौसम, अनार वा सुन्तला उत्पादनमा समुह/सहकारी भए कम्तीमा २० रोपनी वा ५०० बोट, ब्यक्ति भए १ रोपनी वा प्रति कृषक  २५ बोट
- लिची, आँप वा रुखकटहर उत्पादनमा समुह/सहकारी भए कम्तीमा २० रोपनी वा १०० बोट, ब्यक्ति भए १ रोपनी प्रति कृषक वा १० बोट भुईकटहर समूह/सहकारी भए कम्तीमा ५००० वटा ब्यक्ति भए २५० वटा
- केरा उत्पादनमा समुह/सहकारी भए २००० बोट, ब्यक्ति भए प्रति कृषक  ५० बोट
- बाखापालन (मासु उत्पादन) मा समुह/सहकारी भए कम्तीमा १०० गोटा, ब्यक्ति भए २५ गोटा
- कुखुरापालन स्थानीय (मासु उत्पादन) को लागि समुह/सहकारी भए कम्तीमा १००० गोटा माउ, ब्यक्ति भए १०० गोटा
- कुखुरापालन उन्नत वा ब्रोइलर (मासु उत्पादन) को लागि समुह/सहकारी भए कम्तीमा ३००० गोटा, ब्यक्ति भए कम्तीमा ५०० गोटा एक लटमा
- अण्डा उत्पादनको लागि उत्पादन शुरु भएको मितिले समुह/सहकारी भए प्रति दिन ५०० वटा अण्डा वा ब्यक्ति भए प्रति दिन कम्तीमा १०० वटा अण्डा उत्पादन

- ब्यबसायिक दुध उत्पादन गर्ने गाई भैंसीमा समुह/सहकारी भए कम्तीमा ५० गोटा, ब्यक्ति भए कम्तीमा ५ गोटा

- माहुरीपालन (मह उत्पादन) समुह/सहकारी भए कम्तीमा ५० माहुरी सहितको घार, ब्यक्ति भए कम्तीमा १० घार
- माछापालन समुह/सहकारी भए कम्तीमा २०००० माछा भुरा प्रयोग हुन सक्ने, ब्यक्ति भए कम्तीमा ५००० माछा
- बंगुरपालन (मासु उत्पादन) मा समुह/सहकारी भए कम्तमा २० गोटा, ब्यक्ति भए कम्तीमा ५ गोटा
- कृषि तथा पशु सम्बन्धि कार्य गर्ने समुह, सहकारी, फार्म, उद्योग, प्रशोधन केन्द्र, मासु पसल,अण्डा पसल, दुग्ध डेरी आदि कानुनी रुपमा सम्बन्धित सरकारी कार्यालय/संस्थामा अनिवार्य रुपमा दर्ता भएको र स्थायी लेखा नम्बर समेत (समुह बाहेक) लिएको र ब्यबसाय शूरुवात गरेको हुनुपर्नेछ ।

## परिच्छेद २

### ३. क्षतिपूर्ति तथा अनुदानको ब्यबस्था

(१)उल्लेखित बिधि सम्मत तरिकाले बेमौसमी कृषि उत्पादनमा संलग्न भई उत्पादन गर्ने कृषकलाई उत्पादनको आधारमा १० देखि १५ प्रतिशत सम्म हौसला स्वरुप अनुदानको ब्यबस्था गरिने छ ।

(२)कुनै प्रतिकुल मौषम वा बिपदका कारण उत्पादनमा क्षति पुगेको आधिकारिक बिवरण गाउँपालिका स्तरीय समिति मार्फत क्षतिपूर्तिको लागि सिफारिस भै आएमा क्षतिको आधारमा ५० प्रतिशत सम्म क्षतिपूर्ति क्षतिको अवस्था हेरी गाउँपालिकाले उपलव्ध गराउन सक्नेछ ।

(३)गाउँ कार्यपालिकाले कार्यक्रमलाई चुस्त दुरुस्त, पारदर्शि र समावेशी हिसावले सञ्चालन गर्नका लागि जनप्रतिनिधि, प्राविधिक, अनुभवि कृषकसहितको गाउँपालिका स्तरीय कृषि तथा पशुपंक्षी विकास कार्यक्रम सञ्चालन गर्न गाउँपालिकाले गाउँपालिका स्तरीय परिच्छेद (३) को दफा १ (क) बमोजिमको कृषि संजाल गठन गर्न सक्नेछ । यो समितिले आवश्यक ठानेमा बिषयगत कार्यबिधि समेत बनाउन सक्नेछ ।

(४) कृषि तथा पशुपंक्षि क्षेत्रको बिकासका लागि यान्त्रिकीकरण तथा उत्पादनको बजारिकरणका आधारमा अनुदानको ब्यबस्था

(क) निर्वाहमुखी, विपन्न, महिलाहरुलाई ब्यबसायिकता तर्फ उन्मुख गर्नका लागि उन्नत बीउविजन, चल्ला लगायतमा सेवा टेवा र मिनिकिटको रुपमा सहयोग उपलब्ध गराईने र ससाना प्रविधिमा तालिमको आयोजना गर्ने ब्यबस्था मिलाउन समूहहरुलाइ कार्यबिधि अनुरुप सहयोग गर्ने ।

(ख) कृषि तथा पशुक्षेत्रको बिकास बजारिकरणमा भर पर्ने भएकोले ब्यबसायिक रुपमा काम गरेका र अनुभवी समुह, सहकारी तथा सञ्जाललाई ढुवानीमा आबश्यकता अनुसार अनुदान दिइनेछ ।

(ग) एकैखालको बाली तथा वस्तु उत्पादन हुने क्षेत्रलाई पकेट, ब्लक घोषणा गरी विशेष सहयोगको रुपमा कार्यविधि बनाएर अनुदान दिनसकिनेछ

(५) कृषक तथा कृषि उद्यमीले उत्पादन गरेका कृषि उपजहरु संकलन केन्द्रमार्फत बजारिकरण गर्ने ब्यबस्थाका लागि ठाउँ ठाउँमा टहराहरु निर्माण गर्ने साथै संकलन केन्द्र/सहकारी मार्फत बिक्री बितरण गरेको प्रमाणको आधारमा प्रोत्साहन अनुदान दिईनेछ ।

(६) कृषि उपज भण्डारणको लागि संकलन केन्द्र वा सहकारीलाई गाउँपालिकाले चिस्यान केन्द्रको स्थापनाका लागि पहल गरिनेछ । स्थापना गरेको चिस्यान केन्द्रमा भण्डारणका लागि ब्यबसायिक कृषकलाई ५० प्रतिशत सम्म अनुदान दिइनेछ ।

(७) ब्यबसायिक ढंगबाट कृषि र पशुपालन ब्यबसाय संचालन गर्ने कृषकहरु वा उत्पादित कृषिजन्य जन्य बस्तु जस्तै दुध र दुधजन्य बस्तुको प्रशोधन, प्याकेजिङ्ग भण्डारण र बजारीकरणमा संलग्न उद्यमीहरुलाई कृषि बिकास बैंक मार्फत लिइने ऋणको ब्याजदरमा सहुलियत दिन गाउँपालिकाले आबश्यक पहल गर्नेछ ।

(८) प्रति दिन २० लि. भन्दा बढी दुध उत्पादन गर्ने कृषक ब्यवासाई लाई प्रति लि. रु २ का दरले अनुदान उपलब्ध गराइने छ |

(९) कृषि/पशु उपज तथा उत्पादनलाई गाउँपालिकाले दिने प्रोत्साहन / अनुदान कार्यपालिकाको बैठकको निर्णय बमोजिम हुनेछ ।

४. (१) ब्यबसायिकतालाई प्रवर्धन गर्न देहाय बमोजिम कृषि तथा पशु क्षेत्रमा यान्त्रिकीकरणमा अनुदान दिई महत्वका साथ अघि बढाइनेछ ।

(२) कृषि उद्यमीलाई उपकरण/यन्त्रमा (मिनी ट्रिलर, बीउ रोप्ने मेशिन, उखु पेल्ने मेशिन तथा पकाउने उपकरण, मौरी घार र यससँग सम्बन्धित यन्त्र तथा उपकरण, सिडविन, बीउ सुकाउने त्रिपाल, मल्चीङ्ग प्लाष्टिक, कोकोपिट, स्प्रेयर, चाना काट्ने मेशिन, स्थायी टनेलका सामाग्री, नर्सरीमा लाग्ने सामाग्री, मासु तथा डेरी पसलमा आवश्यक पर्ने जेनेरेटर, डिफ्रीज, क्यान, चिलिङभ्याट तथा अन्य उपकरण आदि)मा ५० प्रतिशत अनुदान उपलब्ध गराइनेछ । तर प्लाष्टिक घर(स्थायी समेत)को प्लाष्टिकमा १०० प्रतिशत अनुदान उपलब्ध गराइनेछ ।

(३) समुह तथा सहकारीलाई उपकरण/यन्त्रमा (मिनी ट्रिलर, बीउ रोप्ने मेशिन, उखु पेल्ने मेशिन तथा पकाउने उपकरण, सिडविन, बीउ सुकाउन त्रिपाल, स्प्रेयर, मल्चीङ्ग प्लाष्टिक, कोकोपिट, चाना काट्ने मेशिन, स्थायी टनेलका सामाग्री, नर्सरीमा लाग्ने सामाग्री आदि) ८० प्रतिशत अनुदान उपलब्ध गराइनेछ । प्लाष्टिक घर(स्थायी समेत)को प्लाष्टिकमा ८० प्रतिशत अनुदान उपलब्ध गराइनेछ ।

(क) प्लाष्टिक पोखरीमा लाग्ने प्लाष्टिकमा ८० प्रतिशत अनुदान दिईनेछ ।

(ख) सोयल सिमेन्ट पोखरी तथा पाईपमा ५० प्रतिशत अनुदान दिइनेछ ।

(ग) थोपा सिंचाईमा ५० प्रतिशत अनुदान दिइनेछ ।

(घ) भकारो तथा बाखा खोर सुधारमा  अनुदान ब्यबस्था गरिनेछ ।

(ङ) पशुपंक्षी आहाराको लागि महत्वपूर्ण भूमिका रहेकोले उन्नत डालेघाँस, भुइघाँस रोपणमा बीउ तथा बेर्नामा शतप्रतिशत अनुदान दिइने तर यो सुविधा ब्यबसायिक कृषक समुह, सहकारी तथा उद्यमीलाई मात्र हुनेछ ।

(च) स्वस्थ मासु बिक्री गर्न मापदण्ड अनुसारका मासु पसललाई यन्त्र तथा उपकरणमा परिच्छेद २ को दफा ३ को उपदफा (७) अनुसार सुविधा उपलब्ध गराइनेछ ।

(छ) पशुरोग निवारणका लागि आवश्यक ल्याबको सुद्रिढिकरण गर्ने, ल्याब सेवा निःशुल्क गर्ने, सर्वशुलभ प्राविधिक सेवाको साथै औषधि निःशुल्क वितरण गरिनेछ ।

(४) उत्पादन तथा उत्पादकत्व बृद्धिका लागि प्राविधिक सेवा टेवा सर्वशुलभ रुपमा प्रदान गरी कृषकहरुलाई सक्षम गराउनेछ ।

(५) समयानुकुलका प्राविधिक पक्षमा क्षमता बिकास गर्नका लागि प्राविधिक कर्मचारी तथा कृषकहरुलाई बिषयगत ब्यवहारिक तालिम दिईने

(६)  ब्यबसायिक क्षेत्रका कृषकको खेतबारीमा आबश्यकता अनुसार प्राविधिक अनुगमन निरिक्षण तथा सुझाब सल्लाहका लागि प्राबिधिक परिचालन गरिनेछ ।

(क) कम्तिमा बर्षको २ पटक सम्बन्धित मूल्यश्रृखलामा सरोकारवालावीच छलफल तथा अन्तक्रिया गरि समस्या भए समाधानका उपायहरुको बारेमा गहन छलफल गरि कार्यक्रमलाई दिगो बनाउन प्रयास गरिनेछ ।

(ख) कृषि पेशालाई सम्मानित पेशाको रुपमा अघि बढाउन प्रयास गरिनेछ ।

(ग) कृषि मजदुरहरुको अभावमा कृषि पेशा दिन दिनै अपहेलित भैरहेको अवस्थामा बिभिन्न अनुदानका कार्यक्रम (मल, बीउ, सिंचाईको उपलब्धता आदि) मार्फत नाफामुलक बनाउन सहयोग गर्ने र कृषि पेशा प्रति बेरोजगार तथा बिदेश पलायन भएका युवाहरुलाई आकर्षित गर्ने नीति लिइनेछ ।

(घ) कृषक समुह, सहकारी, गैरसरकारी, उद्यमी, गैरसरकारी संस्थाहरुसँगको समन्वयमा गरिने कार्यक्रमलाई प्राथमिकताका आधारमा सञ्चालन गरिनेछ ।

(ङ) गा.पा.बाहेक अन्यत्रबाट सञ्चालन हुने कार्यक्रमलाई सहमतीका आधारमा तोकिएको क्षेत्रमा दोहोरोपन हुन नदिई सञ्चालन गर्नका लागि प्रोत्साहन तथा आमन्त्रण गरिने र योजना प्रस्ताव गर्दाबाटै संयुक्त रुपमा गर्ने भए सोही अनुसार मिलेर पनि कार्यक्रम गर्न सकिनेछ ।

(च) साना सिंचाई कार्यक्रम सञ्चालन गरि सिंचित क्षेत्रफललाई उत्पादनमुखि बनाईनेछ ।

(छ) कृषकहरुमा सीप हस्तान्तरणद्वारा आधुनिक पशुपालन पद्धतिको विकास गर्दै लैजाने कार्यमा जोड दिइनेछ ।

(ज) व्यबसायिक कृषकहरुको लागि पशुपालन (मासु, दुग्ध, अण्डा उत्पादन, प्रशोधन तथा बजारिकरण) मा व्यबहारिक तालिम वडास्तरमै आयोजना गरिनेछ ।

(झ) नश्ल सुधार नै उत्पादन तथा उत्पादकत्व बृद्धि गर्ने मुख्य काम भएकोले कृत्रिम गर्भाधानलाई महत्व दिने, निःशुल्क भनेकै समयमा कृषकले सेवा प्राप्त गर्ने गरि प्राविधिक परिचालन गर्ने र यसको लागि रेफ्री, तरल नाइट्रोजन, सिमेन (सेक्स सिमेन) लगायतका सामाग्री आवश्यकतानुसार व्यबस्था गरिनेछ ।

## परिच्छेद ३

**५.समूह र संजालको व्यबस्थाः**

(१) नेपाल सरकारको नीति बमोजिम कृषि तथा पशु पालन व्यबसायमा संलग्न कृषकहरुलाई व्यबसायिकरुपमा बिकास गर्न रुरु गाउँपालिकाले कृषि पेशामा संलग्न कृषकहरुको वडा स्तरमा समुह गठन गर्नेछ ।

(क) रुरु गाउँपालिका स्तरीय कृषि पेशा र व्यबसायमा संलग्न परिच्छेद १ दफा २ को (प) बमोजिमका व्यबसायिक कृषकहरुलाई सहयोग तथा समन्वय गर्न देहाय बंमोजिमको गाउँपालिका स्तरीय कृषि संजाल गठन गरिनेछ ।

कृषि तथा पशु एकाइ हेर्ने बिषयगत समितिको संयोजक – संयोजक

कृषि समूहमा आबद्ध सदस्यहरु मध्येबाट प्रत्येक वडा बाट प्रतिनिधित्व हुने गरी ६ जना

बिषय बिज्ञ १ जना – सदस्य

कृषि शाखा हेर्ने कार्यालयको प्रमुख १ जना – सदस्य सचिव

(ख)उल्लेखित संजालले परिच्छेद ३ को दफा १ बमोजिम गठन हुने कृषक समूहमा आबद्धताका लागि आबश्यक पर्ने बिधि र प्रकृया तय गर्नेछ ।

(ग) गाउँपालिकाका सबै वडाहरुमा यस्तो समूह गठन गरिनेछ ।

(घ)समूहका सदस्यहरुको वा गा.पा. स्तरीय संजालको सदस्य संख्या तोक्ने अधिकार परिच्छेद ५ को दफा ९ को (१) बमोजिमको समितिलाई हुनेछ ।

(ङ)समूहको कार्यकाल गाउँपालिकाको निर्णय अनुसार हुनेछ ।

(च) समूहका कुनै पनि सदस्यले आचरण बिपरित कार्य गरेमा वा संजालको उद्धेश्य, मर्म र भावना बिपरित कार्य गरेको पाइएमा संजालले परिच्छेद ५ को दफा ९ को (१) बमोजिमको समितिलाई कारवाहीका लागि निर्णय सहित सिफारिस गर्नु पर्नेछ ।

(छ) उपदफा (१) को (च) बमोजिमको सिफारिस उपर परिच्छेद ५ को दफा ९ को (१) बमोजिमको समितिमा छलफल हुँदा समितिबाट उचित निर्णय गरिनेछ | यसबाट चित्त नबुझ्ने पक्षले गाउँपालिकामा निवेदन दिन सक्नेछ र यस्तो निवेदनउपर गाउँपालिकाबाट भएको निर्णय अन्तिम हुने छ |

(ज) समूह वा संजालको बैठक लगाएत अन्य कार्यबिधि बनाउने अधिकार परिच्छेद ५ को दफा ९ को ( (१) बमोजिमको समितिलाई रहनेछ ।

(झ) संजालको सचिबालय गाउँपालिकाको कृषि हेर्ने शाखा कार्यालयमा रहनेछ ।

## परिच्छेद ४

## कृषि बजार सम्बन्धी व्यबस्था:

६.कृषि बजारको स्थापना: (१) गा.पा.ले आफ्नो क्षेत्र भित्रको कुनै पनि स्थानमा कृषि बजारको स्थापना गर्न सक्नेछ ।

(२) कृषि सम्बन्धी सहकारी वा कृषि सम्बन्धी ब्यबसायीक संस्थाले गा.पा.को अनुमती लिई कृषि बजारको स्थापना गर्न सक्नेछ ।

७. कृषि बजारको बर्गीकरण : (१) यस कार्यबिधिको दफा ५ बंमोजिम स्थापना हुने कृषि बजारको बर्गीकरण देहाय बमोजिम हुनेछ ।

(क) थोक बजार

(ख) खुद्रा बजार

(ग) हाट बजार

(घ). संकलन केन्द्र

(२) उप दफा (१) बमोजिमको बजार संचालनका लागि लाग्ने ब्यबस्थापकीय खर्च गाउँपालिका र ब्यवसायीहरुको साझेदारीमा सभाले तोके बमोजिम हुनेछ ।

(३) बजार संचालन सम्बन्धी अन्य ब्यबस्था कार्यपालिकाको निर्णय बंमोजिम हुनेछ ।

८. कृषि बजार संचालन तथा ब्यबस्थापन समिति :

(१) यस कार्यबिधिको दफा (६) बंमोजिम स्थापना भएको कृषि बजारको संचालन तथा ब्यबस्थापन गर्नको लागि कृषि बजार तथा ब्यबस्थापन समिति रहने छ ।

(२) समितिमा देहाय बंमोजिमका सदस्यहरु रहनेछन् ।

(क) गाउँपालिका भित्रका बजार ब्यबस्थापन समितिको निर्णयले तोकि पठायको ब्यक्ति- अध्यक्ष

(ख) गाउँपालिका भित्रका कृषक समूह मध्येबाट भेकिय प्रतिनिधित्व हुनेगरी ६ जना - सदस्य

(ग) संजालको बैठकले निर्णय गरि पठाएका ४ जना ब्यक्ति -सदस्य

(घ) समूह तथा संजालबाट प्रतिनिधित्व गरी आएका प्रतिनिधिहरु मध्येबाट समितिले छनौट गरेको ब्यक्ति - सदस्य सचिब

(३) यस कार्यबिधिको दफा ७ को (२) बमोजिम गठन भएको समितिको बैठकमा आबश्यकता अनुसार कृषि तथा पशु शाखा हेर्ने कार्यालयको प्राबिधिक लाइ आमन्त्रीत सदस्यको रुपमा आमन्त्रण गर्न सक्नेछ ।

(४) यस समितिको बैठक सम्बन्धी कार्यबिधि समितिले निर्धारण गरे बंमोजिम हुनेछ ।

(५) कृषि बजार संचालन तथा ब्यबस्थापन समिति सम्बन्धी अन्य ब्यबस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद ५

### ९. कृषि ब्यबसाय प्रबर्द्धन कृषि बजार संचालन तथा ब्यबस्थापनको अनुगमन समितिः

(१) कृषि ब्यबसाय प्रबर्द्धन, कृषि बजार संचालन तथा ब्यबस्थापनको अनुगमनका लागि गा.पा. स्तरीय समिति रहनेछ ।

(२) उपदफा (१) बंमोजिमको समितिमा देहाय बंमोजिमका सदस्यहरु रहनेछन् ।

(क) गाउँपालिकाको अध्यक्ष- अध्यक्ष्य

(ख) प्रमुख प्रशासकीय अधिकृत- सदस्य

(ग) कृषि तथा पशु क्षेत्र हेर्ने बिषयगत समितिको संयोजक - सदस्य

(घ) समितिले मनोनयन गरेको ब्यबसायीक कृषक मध्ये २ जना - सदस्य

(ङ) कृषि बजार संचालन तथा ब्यबस्थापन समितिले आफु मध्येबाट निर्णय गरी पठाएको १ जना प्रतिनिधि - सदस्य

(च) गाउँपालिका कृषि/पशु शाखा प्रमुख - सदस्य सचिव

(३) समितिले सम्बन्धीत क्षेत्रको बिशेषज्ञ तथा अन्य ब्यक्तीलाइ समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(४) समितिको काम ,कर्तब्य,अधिकार र बैठक सम्बन्धी अन्य कार्यबिधि समिति आफैले निर्धारण गरे बंमोजिम हुनेछ ।

(५) समितिले यस कार्यबिधिको उद्धेश्य कार्यान्वयन गर्न आवश्यकता अनुसार बिभिन्न उप समितिहरु गठन गर्न सक्नेछ ।

(६) समितिको सचिवालय गाउँपालिकाको कृषि/पशु क्षेत्र हेर्ने शाखा कार्यालयमा रहनेछ ।

गाउँपालिकाबाट स्वीकृत मिति :२०७५।०६।२५

आज्ञाले

चेतनाथ गिरी

प्रमुख प्रशासकीय अधिकृत